☎ ०७७-४२०२०५
M arghakhanchidcourt@gmail.com
info.dcaghakhanchi@supremecourt.gov.np

श्री

अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

(प्रशासन शाखा)

आ.व. ०८३/०८४
चलानी नम्बरः-

मितिः- २०८३।०६।१५

सूचना! सूचना!! सूचना!!!

विषयः मेलमिलापकर्ताको सुची अद्यावधिक गर्ने तथा सुचीकृत हुने सम्बन्धमा ।

सूचना प्रकाशित मितिः२०८३।०६।१५

यस अदालतमा मेलमिलाप सम्बन्धी नियमावली,२०७० को नियम ९ तथा जिल्ला अदालत नियमावली,२०७५ को नियम ४९(१) र नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ता सूची अद्यावधिक गर्नुपर्ने भएकोले यस अदालतमा रहेका मेलमिलापकर्ताको रुपमा सूचिकृत हुनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न तथा यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन इच्छुक व्यक्ति तथा संस्थाले मेलमिलाप सम्बन्धी ऐन,२०६८ को दफा २२ बमोजिम व्यक्तिले तपसिलमा उल्लेखित कागजातहरु साथै राखी मेलमिलाप सम्बन्धी नियमावली,२०७० अनुसूची २ को ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिनभित्र यस अदालतमा निवेदन दिनुहुन मेलमिलाप सम्बन्धी नियमावली,२०७० को नियम ३ तथा ९ बमोजिम यो सूचना प्रकाशित गरिदिएको छ।

२०८३/०६/१५

सुदर्शन खनाल
सेस्तेदार/उपसचिव

सेस्तेदार
(उप सचिव)

आवश्यक कागजात सम्बन्धी विवरणहरुः-

१) मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
४) मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी।
५) मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदद्धारा मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिपत्रको प्रतिलिपी।
६) संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी।